**प्रश्न नं. ८३**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरण:**

**(कक्षा रोल्नं.१०००४ देखि १०१२५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

शिवलाल न्यौपानेको जाहेरीले नेपाल सरकार

बिरुद्ध

रूपन्देही जिल्ला करहिया गाउँपालिका वडा नं. ६ बस्ने इन्द्रा न्यौपाने जैंसी, केशव भट्टराई

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मेरो छोरा वर्ष २४ को राजु न्यौपाने अध्ययन र नोकरीको सिलसिलामा रुपन्देही जिल्लाको भलवाडीमा बस्दै आएकोमा मिति २०७५।८।५ गते पाल्पा दोभान गा.वि.स.वडा नं. ५ मा कर्तव्य गरी मारे फालेको अवस्थामा फेला परेकाले कर्तव्य गरी मार्ने व्यक्तिहरू पत्ता लगाई कारवाही गरिपाऊँ भन्ने व्यहोराको मिति २०७५।८।५गतेको शिवलाल न्यौपानेको जाहेरी दरखास्त ।
- राजु न्यौपाने उत्तानो अवस्थामा रहेको, सो रहेको ठाउँमा रगत बगिरहेको, पानी परी विदो अवस्था भएकोले पानीको भलसँग रगत पनि बगिरहेको सो लास देखि १० फिट दक्षिणमा ढुङ्गामा रगतका छिटाहरू रहेको, सोदेखि २५ फिट पूर्व दक्षिणमा एउटा ठूलो ढुङ्गा रहेको सोको तल कोप्चेरामा पहेंलो भूईमा कालो धर्का भएको समेत लेखेको रगत लागेको अवस्थामा एउटा टि-सर्ट, कालो रातो खैरो समेत भएको पकेट रुमाल थान १ र बाहिर गातामा अप्सरा लेखेको गणितको हिसाव गरेको कापी थान १ रहेको टि-सर्ट रुमाल र कापी अनुसन्धानको लागि प्रहरीले लिई गएको भन्ने २०७५।८।६ गतेको घटनास्थल लास जाँच मुचुल्का ।
- राजु न्यौपानेको मृत्युको कारण Death due to used sharp Knife भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोर्ट ।
- मैले इन्जिनियररिङ्ग कलेज भैरहवामा अध्ययन गर्दै रहेको सोही क्याम्पसमा अध्ययन गर्ने केशव भट्टराईसँग चिनजान भई माया प्रेम बसी सँगै हिड्दा डुल्दा निज दाजु राजु न्यौपानेले मलाई गाली गलौज गर्ने, तथा धम्की दिने गरेकोमा निज राजुले मेरो र केशवबीचको प्रेम छुट्टाई दिन्छन् कि भनी अब राजुलाई ठीक नपारेसम्म हामीहरूको सपना साकार हुँदैन भनी मैले निज राजुलाई मिति २०७५।८।५ गते विहान सिद्धबाबा मन्दिरको नजिकै तल पुलमा झर्ने बाटोमा ल्याई आउँछु । तिमी त्यही आउनु भन्दा केशवले हुन्छ भने र दुवै जनाको सल्लाह अनुसार मैले निज राजु न्यौपानेलाई उक्त मितिमा सिद्धबाबा मन्दिर जाने भनी बोलाई लगे सिद्धबाबा मन्दिर नजिक पुगी मन्दिरको दर्शन गरी टिका लगाई निज राजुलाई झोलुङ्गे पुलतिर लगी केही तल पुगेपछि सोही ढुङ्गाको मुनी म र राजु बसी रहेको बेला केशवले आफूसाथ लिई आएको चक्कु निकाली टाउकोमा हान्न थाले, मैले पनि आफू साथ

**प्रश्न नं. ८३**

लिएको चक्कुले निजको छाती तथा कोखमा हानें, निज राजुले कराउने तथा प्रतिकार गर्न खोजे केशवसँग गएका निजका काकाले सोहनले राजुको मुख थुन्ने तथा हात समाउने गरे । केशवले चक्कु प्रहार गरी रहँदा निजको काकालाई हातमा चोट समेत लाग्यो । निज राजुको मृत्यु भएपश्चात् हामी तिनै जना माथि सडकमा आई निज केशवको काकाको उपचारको लागि मेडिकलमा लगी म आफ्नो घरमा गए आफूलाई चाहिने कागजात लिई बुटवलमा आई निज टुकलालले उपचार गराएको पैसा समेत तिरी म तथा केशव भट्टराई भागी फरार भएको हो भन्ने समेत व्यहोराको अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवादी इन्द्रा न्यौपाने जैसीले गरेको बयान ।

- राजु न्यौपानेले म र इन्द्रिराको विचमा आएको हुनाले मरेको अनुसन्धान अधिकृत समक्ष साविति
- राजु न्यौपानेलाई निजको बहिनी नाताकी इन्द्रा न्यौपाने, केशव भट्टराई र सोहन भट्टराई समेतले षडयन्त्र गरी कर्तव्य गरी मारेको हो भन्ने समेत थाहा पाएको हो भन्ने समेत व्यहोराको एकै मिलानको वस्तुस्थितिमा बुझिएका कमलराज श्रेष्ठ, मधु सिलवाल, राधा जैसी,पुणिका आले समेतले गरेको मिति २०७५।८।२९ को बस्तुस्थिति कागज ।
- किटानी जाहेरी, इन्द्रा न्यौपानको साविती बयान, कमलराज श्रेष्ठ, मधु सिलवाल, राधा जैसी,पुणिका आले पोष्टमार्टम रिपोर्ट समेतको आधारमा इन्द्रा न्यौपान जैसीलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७८(२) को कसुरमा ऐ. दफा बमोजिम सजाय गरी पाउँभन्ने अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- कास्की जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत पोखरामा प्रस्तुत गरेको पुनरावेदनपत्र